# भंगहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भंगहा, महोत्तरी    २ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७४।०७५
चलानी नम्बर

मिति: २०७४।१२।२६

**विषय:-** बजारको ठेक्का सम्बन्धमा ।

श्री ....................................
जो जससंग सम्बन्ध राख्दछ ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिका अन्तरगत रहेको तपसिलका बजारहरु (सीतापुर बजार, सिंग्याही बजार,पररिया बजार र हतिसर्बा बजार) तपसिलका शर्तहरु अन्तरगत ठेकका लगाईने भएकोले सम्भान्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## तपसील

१। ठेकका डाक बढाबढको माध्यमबाट लगाइनेछ ।
२। सबैभन्दा बढी डाक स्वीकार गर्ने ठेकेदारलाई ठेक्का दिइनेछ ।
३। बोल कबोल अंकको १०% ले हुने रकम नगद धरौटी राख्नुपर्नेछ ।
४। डाक स्वीकार गरेको कुल रकम ठेक्का लगेको दिन नै नगद जम्मा गरी चलन पुर्जी लिनुपर्नेछ ।
५। नगद जम्मा नगरेको खण्डमा उक्त ठेकेदारको ठेक्का रद्द गरी ठेक्काको क्रममा रहेको वैकल्पिक ठेकेदारलाई ठेक्का दिइनेछ । साथै उक्त ठेकेदारको धरौटी समेत जफत गरिनेछ ।
६। बजार क्षेत्रमा सम्पूर्ण पसलहरुमा बट्टी लाग्नेछ ।
७। बजार ठेक्काको बाकी बक्यौता रकम बाकी राखी चुक्ता नगर्ने ठेक्केदारले ठेक्कामा भाग लिन पाउने छैन ।
८। ठेक्का नगरपालिका कार्यालयको बोर्ड प्रतिनिधिहरुको रोहवरमा लगाइनेछ ।
९। ठेक्काको म्याद २०७५ बैशाख देखि २०७५ चैत मसान्त सम्म (बाह्र महिना)रहनेछ ।
१०। ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार नगरपालिका कार्यालय भंगहामा निहित रहनेछ।
११। ठेक्कामा भाग लिने व्यक्ति नेपाली नागरिक हुनुपर्नेछ ।

भंगहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भंगहा,महोत्तरी
२ नं. प्रदेश नेपाल
२०७४

नोट: बजार ठेक्का सम्बन्धी अन्य व्यवस्था कानुन बमोजिम हुनेछ ।

## कानुन बोल कबोल अंक

१। सीतापुर बजार - २,५०,०००|-
२। सिंग्याही बजार -१,५०,०००|-
३। पररिया बजार - १,००,०००|-
४। हतिसर्बा बजार - ५०,०००|-

डाक बढाबढ हुने स्थान:- भंगहा नगरपालिकाको कार्यालय
मिति: २०७५/१/५ गत्ते बुधबार

सावन कुमार चौधरी
नि.प्रमुख प्रशासकिय अधिकृत